## कार्यक्रमका लक्ष्य

**जन्म** मानव अधिकारको क्षेत्रमा कार्यरत युवा नेताहरुको अन्तर्राष्ट्रिय कमिटीको सक्रियतामा सन् १९९७ मा स्थापित विश्व युवा सरोकारको मान्यता मानव अधिकार क्षेत्रमा युवा सहभागिता वादविवादको रोकथाम र न्यूनीकरणका लागि सबैभन्दा राम्रो औजार हो र यसले विभाजित समुदायहरुमा सद्भाव कायम गर्न ठूलो सहयोग पुर्‍याउंछ भने आधारभूत मानव गरिमाप्रतिको सम्मानको प्रत्याभूतिसमेत गर्दछ भन्ने विश्वासबाट प्रेरित छ ।

### लक्ष्य

- विश्वका युवाहरुबीच मानव अधिकारको विषयवस्तु र व्यवहारसम्बन्धि समझदारीको निरन्तर विकास गर्नु
-संचेतना वृद्धि, क्रियाशीलता र संयुक्त कार्यशैलीको विकासका लागि युवाहरुमाझ क्षमता, ज्ञान र आत्मविश्वास निर्माण गर्नु
-अन्तर-सांस्कृतिक समझदारी र संवादका लागि सहजकर्ताको भूमिका खेल्नु,आलोचनात्मक एवं विश्लेषणात्मक चिन्तनलाई प्रोत्साहित गर्नु र मानव अधिकारसम्बन्धि मुद्दाहरुमा विशेष जोड दिंदै संयुक्त रुपले समस्या समाधानमा संलग्न हुनु
-हाम्रो आफ्नै संस्कृतिको आलोचनात्मक स्वरुप उल्लेख गर्दै व्यक्तिक र भावनात्मक विकासलाई सवंर्द्धन गर्नु, हामीले स्वयंका लागि छनौट गरेका नीति र विचारहरुले अरुहरुको जीवनलाई कसरी प्रभावित पारिरहेका हुन्छन् भन्ने अन्वेषण गर्नु, र, अरुहरुलाई सेवा पुर्‍याउन सकारात्मक आधार खोजी गर्नु ।



GYC

## थप जानकारीका लागि


**ग्लोबल युथ कनेक्ट**
१५ गेग स्ट्रिट
किङ्सटन, न्यूयोर्क १२४०१
टेलिफोन: (८४५) ३३८-२२२०
फ्याक्स: (३४७) ४१२- ९७७९
इमेल : contact@globalyouthconnect.org
www.globalyouthconect.org




# विश्व युवा सरोकार

## सद्भाव, मानव अधिकार र उत्तर दायित्वका लागि सहकार्य

# विश्व युवा सरोकार

**हाम्रो लक्ष्य मानव अधिकारको रक्षा र सम्वर्द्धनको क्षेत्रमा सक्रिय युवाहरुको समुदाय निर्माण गर्ने, त्यसलाई आवश्यक सहयोग गरिरहने र नयां पुस्तालाई शान्तिपूर्ण परिवर्तनका लागि शिक्षित र प्रोत्साहित गर्नु हो ।**

**हाम्रो लक्ष्य** मानव अधिकारको रक्षा र सम्वर्द्धनको क्षेत्रमा सक्रिय युवाहरुको समुदाय निर्माण गर्ने, त्यसलाई आवश्यक सहयोग गरिरहने र नयां पुस्तालाई शान्तिपूर्ण परिवर्तनका लागि शिक्षित र प्रोत्साहित गर्नु हो ।

**हाम्रो विश्वास** छ, शिक्षित, संवेदनशील र सबलीकृत युवाहरु नै संयम, शान्ति र न्यायपूर्ण लक्ष्य प्राप्तिको मार्गका प्रमुख आधार हुन् । हाम्रा कार्यक्रमहरुले मानव अधिकारको हननविरुद्ध सहकार्य गर्न युवाहरुलाई प्रोत्साहित गर्नेछन् । विश्व युवा सरोकार युवा संचेतना र क्रियाशीलताका लागि मानव अधिकार, समुदाय निर्माण, मेलमिलाप र विवादहरुको शान्तिपूर्ण समाधानका सिद्धान्तहरुप्रति प्रतिबद्ध सचेत मार्गमा अग्रसर रहनेछ ।

GYC

# प्रमुख क्रियाशील कार्यक्रम



**मानव अधिकार प्रतिनिधि** मन्डल पृथक संस्कृतिसम्म पुग्न र जटिल एवं निरन्तर विश्वव्यापीकरण हुदै गइरहेको दुनियाको मानव अधिकार स्थितिको प्रत्यक्ष यथार्थ ज्ञान हासिल गर्न युवा नेताहरुका लागि विशिष्ट अवसर हो ।

प्रत्येक प्रतिनिधि मन्डलमा आधारभूत रुपले तीन चरण कार्यक्रम समावेश रहन्छन्- स्थानीय संघसंस्थाहरुको स्थलगत भ्रमण, आमजनमुदायमा आधारित स्थलगत कार्ययोजना र अन्तर-सांस्कृतिक मानव अधिकार प्रशिक्षण कार्यशाला ।

**समुदायहरुबारे** जानकारी दिने अन्तरक्रियात्मक कार्यशालाहरु हुन् जसमा सहभागीहरुले साझा समझदारी विकास गर्न सहकार्य गर्छन्, मानव अधिकार सम्बन्धि आफ्नो वस्तुगत ज्ञान वृद्धि गर्नेछन्, आफ्नो नेतृत्व क्षमता सबल बनाउनेछन्, सहयोगात्मक सम्बन्धको निर्माण गर्नेछन् र शान्ति, न्याय र मानव अधिकारका मुद्दा उठाउन संयुक्त कार्ययोजनाहरुको विकास गर्नेछन् ।

**दस्तावेजीकरण कार्ययोजनाहरुले** हाम्रा कार्यक्रमहरु लागू भएका देशमा मानव अधिकारको क्षेत्रमा कार्यरतयुवाहरुको जीवनकथा बुझ्न र आआफ्ना समुदायहरुमा विद्रोह-विवादबाट प्रभावित युवाहरुबारे थप अध्ययन गर्न सुअवसर प्रदान गर्नेछन् ।



# वर्तमान र भावी योजनाहरु

**कम्बोडिया:** सामुदायिक विकासका लागि कम्बोडियाली स्वयंसेवक र शान्तिका लागि युवा संस्थाहरुसित सहकार्य गर्दै ६५ जना युवालाई प्रशिक्षण दिइसकिएको छ भने १५ भन्दा बढी स्थानीय संघसंस्थाहरुसित मिलेर सेवा कार्ययोजनाहरु समन्वय गरिएको छ ।

**ग्वाटेमाला:** नेस्त्रोस देरेकोस संस्थासित मिलेर ४५ जना युवालाई मानवअधिकारसम्बन्धी तालिम दिइएको थियो भने सडक बालबालिकाहरु बस्ने शिविर रंगरोगन गरिएको थियो । यसैगरी, मानव अधिकार रक्षाका लागि सक्रिय २० ग्वाटेमालान संघसंस्थासित सम्पर्क कायम भएको छ ।

**नेपाल:** स्थानीय ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) संस्थासित मिलेर नेपालका पूर्व बंधुवा मजदूरहरुको अवस्थाबारे बुझ्न स्थानीय ब्याकवार्ड सोसाइटी एजुकेसन (बेस) संस्थाको समन्वयमा नेपाल भ्रमण सम्पन्न गरिएको थियो ।

**रवान्डा:** स्थानीय नेभर अगेन-रवान्डा संस्थासित समन्वय गरी सन् २००६ मा दुई प्रतिनिधि मन्डलले रवान्डा भ्रमण गरेका थिए भने ५५ युवा नेतालाई मानव अधिकार तालिम प्रदान गर्नुका साथै स्थलगत भ्रमण र फिल्डवर्क कार्यक्रम सन्चालन गरिएको थियो ।

**बोस्निया:** स्थानीय सेन्टर फर पीसबिल्डिड. संस्थाको समन्वयमा पहिलो मानव अधिकार प्रतिनिधि मन्डल सन् २००६ मा बोस्निया पठाउने योजना बनेको थियो ।

**विश्वव्यापी मानव अधिकार अध्ययन समुदाय:** विभिन्न आठ मुलुकका युवा मानव अधिकार कर्मी युवाहरुसित सम्पर्क कायम गरी मानव अधिकार, विवाद समाधान, सामुदायिक संगठन, आय संकलन र तथा अन्य क्षमता वृद्धिको प्रशिक्षण प्रदान गरिएको थियो ।

**अमेरिकामा मानव अधिकार:** खास अमेरिकी समुदायका किशोरकिशोरीहरुका लागि मानव अधिकार प्रशिक्षण कार्यक्रम सन्चालन गरिंदै छ ।

**अलुम्नाइ क्रियाशील सन्जाल:** विभिन्न कार्यक्रमका पुराना सहभागीहरुबीच एकआपसमा जीवन्त सम्पर्क कायम गर्न, थप प्रशिक्षण हासिल गर्न र विश्व युवा सरोकारको नेतृत्व तहका साथै स्थलगत कार्यक्रमपछिका अन्इ क्रियाकलापहरुमा सहभागी हुने अवसर प्रदान गर्नेछ ।

हामीहरुले अमेरिका तथा मध्य पूर्व र उत्तर अमेरिकाका खास मुलुकहरुमा सम्पर्क स्थापित गरी युवा नेताहरुलाई प्रशिक्षण दिने र उनीहरुलाई मानव अधिकार क्षेत्रमा कार्यरत रहन प्रोत्साहित गर्ने कार्यक्रम विकास गर्दैछौं भने मानव अधिकारका युवा रक्षकहरुका लागि उपयोगी हुने मानव अधिकार पुस्तिका प्रकाशित गर्न सकिने हाम्रो प्रयास र विश्वास छ ।